## बैठक नं.७

आज मिति २०८१ मंसिर १९ गते बुधवार बिहान ८:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| | अध्यक्ष – श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य – श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव – श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य – श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य – श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य – श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य – श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य – श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य – श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य – श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य – श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य – श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य – श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य – श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य – श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य – श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य – श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य – श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य – श्री उमा खड्का | कार्यपालिका सदस्य |

| | | |
|---|---|---|
| | सदस्य — श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| | सदस्य — श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| | सदस्य — श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

एजेण्डा :

१. शाखागत प्रगति समिक्षा सम्बन्धमा ।
२. ह्वाङहे विल्डर्स प्रा.लि.को प्रस्तुतीकरण सम्बन्धमा ।
३. क्रेट जाली र खानेपानी पाइप वितरण सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।
४. गोदावरी नगरपालिका अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।
५. गोदावरी नगरपालिका नगर प्रहरीको सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ सम्बन्धमा ।
६. गोदावरी नगरपालिकाको विभिन्न धार्मिकस्थल तथा मन्दिर व्यवस्थापनको लागि स्थापना गरिने अक्षयकोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।
७. नगर प्रहरी, पशु चिकित्सक तथा माइनिङ इन्जिनियर/जिओलोजिष्ट करारमा पदपूर्ती सम्बन्धी विज्ञापन गर्ने सम्बन्धमा ।
८. खानी तथा क्रसर उद्योगको विवरण तथा चेकलिष्ट सम्बन्धमा ।
९. नियमनकारी नियकाबाट प्राप्त सुझाव सम्बन्धी प्रस्तुतीकरण सम्बन्धमा ।
१०. घर/भवन अभिलेखीकरणको प्रचार प्रसार सम्बन्धमा ।
११. महिला शिक्षकको लागि सुत्केरी सट्टा शिक्षक व्यवस्था सम्बन्धमा ।
१२. आधारभूत स्वास्थ्य केन्द्र वडा नं.११ मा स्वयंसेवक चिकित्सक भर्ना सम्बन्धमा ।
१३. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट सम्बन्धमा ।
१४. शिक्षण सिकाई अनुदान अन्तर्गतको कोटा वितरण सम्बन्धमा ।
१५. विद्यायय मर्मत सम्भार शिर्षक अन्तर्गत विपद्बाट क्षतिग्रस्त विद्यालयलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा ।
१६. संघीय सशर्त अनुदान तर्फको ICT Lab को लागि विद्यालयहरुको छनौट सम्बन्धमा ।
१७. विविध ।

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा चालु आ.व.२०८१/८२ को हालसम्मको शाखागत प्रगति विवरण सहितको समिक्षा २०८१ पुष १७ गते बुधबार गर्ने निर्णय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता नं.३३०७३४/०८०-८१ रहेको होङ्हे विल्डर्स प्रा.लि. नामक कम्पनीले गोदावरी नगरपालिका वडा नं.७ मा मेशिनरी औजार इत्यादी राख्ने स्टोरेज यार्ड निर्माण गर्न उद्योग विभागको मिति २०८१/०४/१३ को IEE स्वीकृत भएको पत्र समेत राखी यस नगरपालिकामा खानी तथा खनिज पदार्थ ऐन, २०४२ ऐ.नियमावली, २०५६ को नियम ३४ को उपनियम (१) सम्बद्ध अनुसूची-१२ बमोजिम माइनिङ स्किम सहित स्टोरेज यार्ड रहेको स्थानमा साधारण निर्माणमुखी ढुङ्गाखानी सञ्चालन गर्न अनुमति माग गरेको छ ।

उल्लेखित ऐन तथा नियमावली बमोजिम निर्माणमुखी ढुङ्गाखानी सञ्चालन अनुमति दिने लगायतका कार्य गर्न यस नगरपालिकामा प्राविधिक जनशक्ति तथा संस्थागत क्षमता अभाव रहेको हुँदा प्रस्तावित कार्यको वातावरणीय पक्ष एवम् प्राविधिक पक्षको अध्ययन प्रतिवेदन लिई प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया अघी बढाउन श्री खानी तथा भूगर्भ विभाग, लैनचौर काठमाडौलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा क्रेट जाली र खानेपानी पाइप वितरण सम्बन्धी कार्यविधि, २०८१ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा गोदावरी नगरपालिका उपप्रमुख अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा गोदावरी नगरपालिका नगर प्रहरीको सेवा व्यवस्थापन सम्बन्धी विनियमावली, २०८१ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा गोदावरी नगरपालिकाको विभिन्न धार्मिकस्थल तथा मन्दिर व्यवस्थापनको लागि स्थापना गरिने अक्षयकोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा गोदावरी नगरपालिकामा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा खुल्ला प्रतिस्पर्धाद्वारा करारमा कर्मचारी र नगर प्रहरी नियुक्त गर्नका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | तह | संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | अधिकृत छैटौं | १ | १२००।- |
| २ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर पाँचौ | ३ | ५००।- |
| ३ | नगर प्रहरी जवान (राजश्व समूह) | सहयोगीस्तर प्रथम | ६ | ३००।- |

मान [illegible] खड्का
[illegible]य अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | नगर प्रहरी जवान (विपद् जोखिम व्यवस्थापन) | सहयोगीस्तर प्रथम | ६ | ३००।- |
| ५ | नगर प्रहरी जवान हे.स.चा. | प्रथम | २ | ३००।- |
| ६ | पशु चिकित्सक | अधिकृतस्तर छैटौं | १ | १२००।- |
| ७ | माइनिङ इन्जिनियर/जियोलोजिष्ट | अधिकृतस्तर छैटौं | १ | १२००।- |

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा गोदावरी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानी तथा क्रसर उद्योगहरुको सञ्चालन अनुमति, नविकरण, EIA, IEE लगायतका कागजातहरुको अध्ययन गरी अद्यावधिक विवरण सहितको चेकलिष्ट तयार गर्ने निर्णय गरियो ।

निर्णय नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा नियमनकारी निकायबाट प्राप्त सुझावहरु सहितको प्रस्तुतीकरण आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा नगरपालिका क्षेत्रभित्र घर/भवन अभिलेखीकरणका लागि सूचना गरिएकोमा न्यून संख्यामा अभिलेखीकरण आवेदन आएकोले १४ वटै वडामा व्यापक प्रचार प्रसार गर्ने निर्णय गरियो ।

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको महिला शिक्षकको लागि सुत्केरी सट्टा शिक्षक व्यवस्थापन शिर्षकको कार्यक्रम कार्यान्वय गर्न सुत्केरी बिदामा बसेका महिला शिक्षकको अनुपस्थतिमा कक्षा खाली भई दैनिक पठनपाठनमा असर हुन नदिन सुत्केरी बिदामा रहने अवधिभरीका लागि बढीमा चार महिना विद्यालयकै शिक्षकबाट कक्षा सञ्चालन गर्ने र सो गरे वापत मासिक रु.१०,०००।- का दरले हुन आउने रकम विद्याललाई अनुदान दिने निर्णय गरियो ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा आधारभूत स्वास्थ्य केन्द्र ११ मा स्वयंसेवक चिकित्सक पदमा कार्य गरिरहनु भएका चिकित्सक डा.महिमा बन्जाडेले घरायसी कारण जनाई राजिनामा पेश गर्नु भएको र निजको राजिनामा समेत स्वीकृत भएकोले उक्त स्वास्थ्य संस्थामा स्वयंसेवक चिकित्सक पदमा रही कार्य गर्नका लागि डा.आदर्श गुरुङ (३२०५४) को निवेदन पेश हुन आएको र सम्बन्धित वडा कार्यालयबाट समेत स्वयम् सेवक चिकित्सक उपलब्ध गराउन भनी लेखी आएको हुँदा मासिक रु.२०,०००।- उपलब्ध गराउने गरी प्रत्येक हप्ताको ३ दिन काममा लगाउन डा. आदर्श गुरुङलाई २०८१ पुष १ गते देखि कामकाजमा लगाउने निर्णय गरियो ।

साथै झरुवारासी स्वास्थ्य चौकीमा कार्यरत स्वयंसेवक चिकित्सकले समेत राजिनामा पेश गरेको र उक्त स्थानमा बडिखेल स्वास्थ्य चौकीमा कार्यरत स्वयंसेवक चिकित्सक डा.साईओन महर्जनले कार्य गर्न इच्छुक भई निवेदन पेश गरेको हुँदा निजलाई बडिखेल स्वास्थ्य चौकीका अतिरिक्त झरुवारासी स्वास्थ्य चौकीमा समेत कामकाजमा लगाई

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

मासिक रु.४०,०००।- हजार उपलब्ध गराउने गरी २०८१ पुष १ देखि कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा कृषि विकास निर्देशनालय तथा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौडाबाट प्रकाशित सूचना अनुसार एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागी हुन यस नगरपालिकाको वडा नं.१ मा पुष्पखेती, वडा नं.५ मा तरकारी खेती र वडा नं.७ मा भैंसीपालजका लागि वडा छनौट गरी पठाउने निर्णय गरियो ।

निर्णय नं.१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा शिक्षण सिकाई अनुदान अन्तर्गतको कोटा वितरण सम्बन्धमा संघीय सशर्त अनुदान तर्फको अनुदान कोटा अन्तर्गत माध्यमिक तहमा न्यूनतम २ दरबन्दी भएका श्री बुद्ध माध्यमिक विद्यालय गोदावरी नगरपालिका वडा नं.९ टिकाभैरव र श्री गणेश माध्यमिक विद्यालय गोदावरी नगरपालिका वडा नं.८ मा विद्यालयको आवश्यकता अनुसार अंग्रेजी, गणित वा विज्ञान विषयमध्ये १/१ जना अनुदान कोटाका लागि नगर शिक्षा समितिको सिफारीस बमोजिम छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं.१५ प्रस्ताव नं.१५ माथि छलफल गर्दा २०८१ असोज १० देखि १२ सम्म विपद्बाट क्षतिग्रस्त विद्यालयको छनौट सम्बन्धमा गोदावरी नगरपालिकाको आ.व.२०८१/८२ शिक्षा शाखा अन्तर्गत सामुदायिक विद्यालय घेराबार तथा मर्मत संभार अनुदान शीर्षकमा विनियोजन भएको रु.६,२८,५००।- बाट मिति २०८१ असोज ११ र १२ को अविरल वर्षाका कारण क्षति भएका तपशिल बमोजिमका विद्यालयहरुको लागि नगर शिक्षा समितिबाट सिफारिस भए बमोजिम देहाय बमोजिमको रकम अनुदान प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री गणेश आधारभूत विद्यालय गो.न.पा. ९ | रु.३०,०००।- | |
| २ | श्री बागेश्वरी आधारभूत विद्यालय गो.न.पा. १० | रु.१,००,०००।- | |
| ३ | श्री बुद्ध माध्यमिक विद्यालय गो.न.पा. ९ | रु.२,००,०००।- | |
| ४ | श्री सरस्वती आधारभूत विद्यालय गो.न.पा. ६ | रु.२,९८,५००।- | |
| | **जम्मा रकम** | रु.६,२८,५००।- | |

निर्णय नं.१६ प्रस्ताव नं.१६ माथि छलफल गर्दा संघीय सशर्त अनुदान तर्फको ICT Lab सञ्चालनका लागि विद्यालयहरुको छनौट सम्बन्धमा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका ६ वटा विद्यालयहरुले निवेदन पेश गरेका हुँदा प्रस्ताव सहित निवेदन पेश गर्ने तपिशल बमोजमिका विद्यालयहरुलाई यस वर्षको ICT Lab कार्यक्रमका लागि नगर शिक्षा समितिको सिफारिस बमोजिम छनौट गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| क्र.सं. | विद्यालयको नाम | ICT Lab का लागि अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री विशंखुनारायण मा.वि.गो.न.पा.-१ | रु.६,५०,०००।- | |
| २ | श्री दमाईटार आ.वि. गो.न.पा.-१ | रु.६,५०,०००।- | |
| ३ | श्री छम्पीदेवी मा.वि. गो.न.पा.-९ | रु.६,५०,०००।- | |
| ४ | श्री जयलकुमारी आ.वि. गो.न.पा.५ | रु.६,५०,०००।- | |

**निर्णय नं.१७ विविध**

१७.१ यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका भनी उल्लेख भएका तपशिलका खानी तथा क्रसर उद्योगहरु अवैध रुपमा सञ्चालन भैरहेका र तालुक निकायहरुमा अनुसन्धान र तहकीकातको क्रममा रहेकाले अनुसन्धान पश्चात् अन्तिम निर्णय नभएसम्मका लागि नगरपालिकाबाट नविकरण, राजश्व असुली लगायतका कार्य रोक्का गर्न श्री डिभिजन वन कार्यालय ललितपुरको चलानी नं.३०१, मिति २०८१/०८/१३ को पत्रबाट लेखी आएको हुँदा हाललाई उल्लेखित उद्योगहरुको नवीकरण, राजश्व असुली लगायतका कार्य नगर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| सि.नं. | खानी उद्योगहरुको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | निराकार ढुङ्गा रोडा उद्योग, प्रा.लि. | गोदावरी न.पा.६ सा. लेले ८ | |
| २ | मछिन्द्रनाथ मल्टी प्रपोज प्रा.लि. | गोदावरी न.पा.७ सा.देवीचौर ८ | |
| ३ | विरेन्द्र महर्जन ढुङ्गा उद्योग प्रा.लि. | गोदावरी न.पा.६ सा.लेले ८ | |

१७.२ **रकम माग गर्ने सम्बन्धमा** : छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ मा देहाय बमोजिम योजनाहरु निर्माण गर्नका लागि लाग्ने लागत अनुमान रकमको ४० प्रतिशत रकम नगरपालिकाको स्रोतबाट उपलब्ध गराउने र बाँकी ६० प्रतिशत रकम जिल्ला समन्वय समितिको कार्यालय ललितपुरसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्नका लागि जिल्ला समन्वय समितिमा रकम माग गरी पठाउने निर्णय गरियो ।

| क्र. सं. | विवरण | नगरपालिकाको रकम | जिल्ला समन्वयनमा माग गर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | सांस्कृतिक संग्रहालय निर्माण गोदावरी नगरपालिका | १,००,००,०००।- | १,५०,००,०००।- | २,५०,००,०००।- |
| २ | वडा नं.१० को खानेपानी योजना सञ्चालन गर्ने | ५०,००,०००।- | ७५,००,०००।- | १,२५,००,०००।- |

१७.३ स्वयंसेवक शिक्षक अनुदान सम्बन्धमा : चालु आर्थिक वर्ष २०८१/८२ शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत बजेट संकेत ४७७.२१.१.१२७८ खर्च शिर्षक नं.२२४१३ क्र.सं.१०६२ स्वयंसेवक शिक्षक व्यवस्थापन अनुदान उपशिर्षकमा विनियोजन भएको रकम रु.१,६५,००,०००।- मध्येबाट तपशिलमा उल्लेखित विद्यालयहरुका लागि प्रति विद्यालय प्रति शिक्षक मासिक रु.१५,०००।- का दरले चाडपर्व खर्च सहित एक वर्षको हुन आउने रकम रु.१,९५,०००।- गरी जम्मा रु.३,९०,०००।- अनुदान रकम सम्बन्धित विद्यालयहरुको बैंक खातामा निकासा दिने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | बैंक खाता नम्बर | रकम |
|---|---|---|---|
| १ | श्री छोटीडाँडा आधारभूत विद्यालय, गो.न.पा.-७, ललितपुर | ०१८००१००२२०१९१०००००१ | रु.१,९५,०००।- |
| २ | श्री ज्वालादेवी आधारभूत विद्यालय, गो.न.पा.-७, ललितपुर | ०१८००१००२१९७७१०००००१ | रु.१,९५,०००।- |
| | कूल जम्मा | | रु.३,९०,०००।- |

१७.४ **CITYNET** को **Annual Membership** रकम भुक्तानी सम्बन्धमा : छलफल गर्दा गोदावरी नगरपालिका ललितपुर **CITYNET** को सदस्य रहेको र वार्षिक सदस्यता शुल्क वापत सन् २०२३ र २०२४ को रकम US$1600 चालु आर्थिक वर्ष २०८१/८२ को विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१७.५ (क) गोदावरी नगरपालिका वडा नं.१४ स्थित गोदावरी मुल सडक छेउमा स्थानीय नरसिं महर्जनको नाती, मोहलाल महर्जनको छोरा राजु महर्जनको नाममा ललितपुर मालपोत कार्यालयमा दर्ता श्रेस्ता कायम रहेको साविक बाडेगाउँ वडा नं.९/ख कि.नं.४९, क्षेत्रफल ०-०-३-०-(रोपनी) जग्गामा रहेको बाँडिगाउँ लाक्षी सतलपाटी जीर्ण अवस्थामा रहेको र गत असोज ११ र १२ गते परेको अविरल वर्षाले भत्किन लागि सडक आवत जावत अवरुद्ध भई दुर्घटना जोखिम बढेको हुँदा यथाशिघ्र व्यवस्थापन गर्नुपर्ने भएको छ । उक्त घर टहरा हटाई जग्गा सार्वजनिक सडकको (ROW) अन्तर्गत छोड्न लगाउन सम्बन्धित वडाबाट पटक-पटक वार्ता भएको उक्त क्षेत्रमा यस नगरपालिकाको चलनचल्तिको न्यूनतम मूल्याङ्कन प्रतिआना रु.२५ लाख ले ०-०-३-० को रु.१८ लाख ७५ हजार हुने हुँदा जग्गा/घरधनिले न्यूनतम रु.८,००,०००।- (आठ लाख) लिई घर हटाउने र जग्गा छोड्ने सहमति भई सम्बन्धित वडा विपद् व्यवस्थापन समितिको सिफारीस सहित प्राप्त भएकोले यस नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु.८,००,०००।- (आठ लाख) भुक्तानी दिई जग्गा/घरधनीलाई हकवालाको साक्षी रोहवरमा हक भोग छोड्ने लिखत गराई राख्न वा सम्बन्धित कार्यालयमा उपस्थित भई हकभोग हस्तान्तरण गराउने निर्णय गरियो ।

(ख) निर्णय १७.५ (क) बमोजिमकै अवस्था गोदावरी नगरपालिका वडा नं.१२ कान्ति लोकपथ खण्डको तःघं पुखुको उत्तर तर्फ रहेको पारी फल्चा गुठीको नाममा दर्ता रहेको साविका ठेचो गा.वि.स. वडा नं.३(घ) कित्ता नं.१०८, क्षेत्रफल ०-१-०-० रोपनी जग्गामा रहेको पारी फल्चा रहेको र उक्त घर टहरा हटाई जग्गा सार्वजनिक सडकको (ROW) अन्तर्गत छोड्न लगाउन सम्बन्धित वडाबाट पटक-

...बहादुर खड्का
...अधिकृत
...गजेन्द्र महर्जन
...प्रमुख

पटक वार्ता भएको उक्त क्षेत्रमा यस नगरपालिकाको चलनचल्तिको न्यूनतम मूल्याङ्कन प्रतिआना रु.२० लाखले ०-१-०-० को रु.२० लाख हुने हुँदा उक्त गुठिले न्यूनतम रु.८,००,०००।- (आठ लाख) लिई घर हटाउने र जग्गा छोड्ने सहमति भई सम्बन्धित वडा विपद् व्यवस्थापन समितिको सिफारीस सहित प्राप्त भएकोले यस नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु.८,००,०००।- (आठ लाख) भुक्तानी दिई उपरोक्त फल्चा गुठीको नाममा भुक्तानी दिई हक भोग हस्तान्तरण लिखत गर्न लगाउने निर्णय गरियो ।

१७.६ यस नगरपालिका वडा नं.१३ अन्तर्गत पोखरीटार फुटबल मैदान स्तरोन्नतिका लागि सामाजिक विकास मन्त्रालय सामाजिक विकास कार्यालय ललितपुरबाट रु.२०,००,०००।- (बीस लाख) रकम स्वीकृत भएको हुँदा उक्त मैदान स्तरोन्नति कार्यका लागि साविक झरुवारासी वडा नं.७(क) कित्ता नं.२ को दक्षिण पश्चिम तर्फको जग्गा पहिले देखि नै स्थानीयले फुटबल मैदानको रुपमा प्रयोग गर्दै आइरहेको हुँदा उल्लेखित जग्गा फुटबल मैदान स्तरोन्नति गर्नका लागि सामाजिक विकास कार्यालय ललितपुरलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।

१७.७ सवारी साधनको संझौता नविकरण सम्बन्धमा : यस नगरपालिकाको नाममा यातायात व्यवस्था कार्यालयमा दर्ता भएको बा १ ग २८४९ नम्बरको टाटा ९०९ मोडलको च्यासिस नं.MAT454201F8F14504 पहेंलो सरकारी टिपर सिर्जनसीप सेवा प्रा.लि.लाई फोहोरमैला व्यवस्थापनका लागि वार्षिक रु.३,००,०००।- (तीन लाख) मा भाडामा उपलब्ध गराउँदै आएकोमा संझौताको म्याद २०८१/०९/१५ देखि समाम्त हुन लागेको र उक्त संस्थाले पुन टिपर भाडामा पाउँ भनि निवेदन समेत पेश गरेको हुँदा टिपरको नियमित मर्मत संभार गरि चलाउने गरी १० प्रतिशत भाडा वृद्धि गरी वार्षिक रु.३,३०,०००।- (तीन लाख तीस हजारमा) भाडामा लगाउने निर्णय गरियो ।

१७.८ यस नगरपालिका र M/S L.N.S/S.a.s JV Kirtipur, Kathmandu बीच Upgrading and construction of Hadegaun Godamchaur Bishankhunarayan Road, Contract Identification No:-Godawarimun/Lalitpur/W/NCB/13/080/81 कार्यको संझौता भए बमोजिम निर्माण व्यवसायीले खरिद गरेको दुई पांग्रे सवारी साधन बागमती प्रदेश 02-049 PA6196 नम्बरको सवारी साधन यस कार्यालयको नाममा सेतो प्लेटमा दर्ता गर्नका लागि यातायात व्यवस्था कार्यालय मोटरसाइकललाई लेखी पठाउने निर्णय गरियो ।

१७.९ **रकम माग गर्ने सम्बन्धमा** : छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ मा देहाय बमोजिम योजनाहरु निर्माण गर्नका लागि लाग्ने लागत अनुमान रकमको ४० प्रतिशत रकम नगरपालिकाको स्रोतबाट उपलब्ध गराउने र बाँकी ६० प्रतिशत रकम जिल्ला समन्वय समितिको कार्यालय ललितपुरसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्नका लागि जिल्ला समन्वय समितिमा रकम माग गरी पठाउने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| क्र.सं. | विवरण | नगरपालिकाको रकम | जिल्ला समन्वयनमा माग गर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | वडा नं.१४ को भवन निर्माण | १०,००,०००।- | १५,००,०००।- | २५,००,०००।- |
| २ | बुद्ध मा.वि. बाल विकास कक्षा निर्माण | ५,००,०००।- | ७,५०,०००।- | १२,५०,०००।- |
| ३ | ठैव खानेपानी ट्यांकी निर्माण | ६२,००,०००।- | ९३,००,०००।- | १,५५,००,०००।- |

**१७.१० फुल्चोकी महाविद्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा**

यस गोदावरी नगरपालिकाको वडा नं.१४ मा रहेको फुल्चोकि महाविद्यालयको नाममा कुनै पनि जग्गा नभएको कारण कलेज भवन निर्माण कार्यमा समस्या उत्पन्न भई विद्यार्थीहरुको भविष्य अन्योल हुन सक्ने सम्भावना भएकोले गोदावरी नगरपालिका वडा नं.१४ साविक ठैव वडा नं.७(क) कित्ता नं.१९८ क्षेत्रफल १-८-०-० कायम भएको नेपाल सरकार सार्वजनिक प्रति जग्गामा कलेजको भवन निर्माणका लागि उपयुक्त भएकोले सो जग्गा प्राप्तिका लागि सम्बन्धित निकायको नाममा सिफारिस हुन भनी वडा नं.१४ को वडा कार्यालयबाट सिफारिस समेत भई आएको हुँदा उक्त जग्गा विपद् व्यवस्थापनमा समेत प्रयोग नहुने भएकोले फुल्चोकी महाविद्यालयको भवन निर्माण गर्ने गरी प्राप्त गर्न तालुक निकायमा लेखी पठाउने निर्णय गरियो ।

**१७.११ ढलपाले दैनिक ज्यालादारीमा राखी कामकाजमा लगाउने सम्बन्धमा** : यस नगरपालिकाको वडा नं.१ मा रहेका विभिन्न कुलो सडकका नालि तथा सार्वजनिक स्थलको संरक्षण एवम् सडक सुरक्षा गर्नका लागि चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रमको वडा नं.१ को विपद् व्यवस्थापन तथा मर्मत सम्भार खर्च शिर्षक नं.२२५२२ को बजेट रकम रु.१५,००,०००।- मध्येबाट मासिक रकम रु.१५,०००।- मा नबढ्ने गरी रु.२,७०,०००।- देहाय बमोजिमका दुई जना कर्मचारीहरुलाई २०८१ कार्तिक १ देखि लागु हुने गरी दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

(क) गोदावरी नगरपालिका वडा नं.१ बस्ने ना.नं.२८-०१-०७०-०२३३६ श्री आशिश महर्जन

(ख) गोदावरी नगरपालिका वडा नं.१ बस्ने ना.नं.५११ श्री रामकाजी कार्की

**१७.१२ नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६ (संशोधन) स्वीकृत सम्बन्धमा** : छलफल गर्दा नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ (संशोधन) स्वीकृत गर्ने निर्णय गरियो ।

**१७.१३ वडाव्यापी मेयरकप फुटबल २०८१ को लागत अनुमान स्वीकृत सम्बन्धमा** : यस नगरपालिकाको नगर खेलकुद विकास समितिको सिफारीस बमोजिम वडाव्यापी मेयरकप फुटबल २०८१ को लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| S.N | Particulars | Quantity | Rate(approx.) | total |
|---|---|---|---|---|
| 1. | Cash prize<br>-Includes<br>• 1st<br>• 2nd<br>• Best 5<br>• Man of the match<br>• Emerging Player | (5000*5)<br>(2000*12)<br>10,000*1 | 1,00,000/-<br>5 0,000/-25,000/-<br>24,000/-<br>10,000 | 2,09,000/- |
| 2. | Sports materials<br>Game ball<br>Net<br>Corner flag<br>Substitute board<br>Flags<br>Others | 7500*30pcs<br>20000*2pcs<br>5000*4pcs<br>5000*2pcs<br><br>5,000 | 2,25,000/-<br>40,000/-<br>20,000/-<br>10,000/-<br><br>5,000 | 3,00,000/- |
| 4 | Shield<br>(includes 1st&2nd)<br>&other shields | 10 pcs | | 1,50,000/- |
| 5 | -LIVE_ | 5 days | 25000 | 1,25,000/- |
| 6 | certificate | 100 | 200 | 20,000/- |
| 7. | Certificate frame | 25 | 1000 | 25,000/- |
| 8. | Sound system | 7 days | 15000 | 1,05,000/- |
| 9 | Medal | 50pcs | 500 | 25,000/- |
| 13. | Referee charge<br>(includes 4 referee)<br>• Referee<br>• Linesman<br>• Linesman<br>• 4th official | 12games | 15000 | 1,80,000/- |
| 14. | Flex<br>(Includes all types of flex)<br>• Hoarding board<br>• Stickers etc. | | | 1,25,000/- |
| 16. | Promotion<br>(Includes short reels, advertising agency) | | | 25,000/- |
| 18. | Stage/Gate/Tent | 7 Days | | 1,50,000/- |
| 19. | Miscellaneous: -<br>Includes all types of miscellaneous expenses:<br>• Vehicle<br>• Ambulance<br>• Toilet<br>• Tent<br>• Changing rooms<br>• Ground maintenance | | | 2,00,000/- |
| 20. | Decoration (Inauguration & closing ceremony) | | | 25,000/- |
| 21. | Fooding during tournament | | | 2,00,000/- |
| 23. | Water For ground<br>(Sprinkle) | | | 25,000/- |
| 28. | Ground maintenance | | | 25,000/- |
| | Total | | | 19,14,000/- |

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बजबराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख